नेपाल सरकार
राष्ट्रिय सुरक्षा परिषद्को
सचिवालय
फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं. : ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरबार, काठमाडौं, नेपाल।

राष्ट्रिय सुरक्षा परिषद् २०५८
सचिवालय
सिंहदरबार

# प्रेस विज्ञप्ति

आज मिति २०८० माघ २९ गते राष्ट्रपति कार्यालय, महाराजगञ्जमा आयोजित एक कार्यक्रमबीच सम्माननीय राष्ट्रपतिज्यू समक्ष नेपालको संविधानको भाग २८, धारा २६६ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०७८/७९ को राष्ट्रिय सुरक्षा परिषद्को "पाँचौं वार्षिक प्रतिवेदन" राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ले पेश गर्नुभयो।

प्रतिवेदन पेश गर्ने कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ले तत्कालीन विश्व सुरक्षा परिवेशका कारण सिर्जित समस्या एवम् सुरक्षा चुनौती, बदलिँदो भू-राजनीतिक परिवेश, अतिवाद, आतङ्कवाद, आप्रवासी एवम् शरणार्थी समस्या, प्राकृतिक/मानव सिर्जित प्रकोप, अन्तर-देशीय अपराध, सीमा विवाद, जलवायु परिवर्तन, खाद्य सुरक्षा लगायतका नवीनतम चुनौतीहरूबाट विकसित समस्याहरूलाई सम्भावित सुरक्षा चुनौतीको रूपमा विश्लेषण गरी समग्र राष्ट्रिय सुरक्षाको अवधारणालाई केन्द्रबिन्दुमा राखी आगामी दिनमा राष्ट्रले अवलम्बन गर्नुपर्ने रणनीतिक, कूटनीतिक, आर्थिक, सामाजिक तथा सुरक्षासँग सम्बन्धित विषयहरू प्रतिवेदनमा समावेश भएको व्यहोरा उल्लेख गर्नुभयो।

प्रतिवेदन ग्रहण गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले मुलुकको समग्र सुरक्षाका चुनौती तथा सम्बोधन गर्नुपर्ने महत्त्वपूर्ण विषयलाई समेटी तयार भएको प्रतिवेदन एक महत्त्वपूर्ण दस्तावेज रहेको कुरा उल्लेख गर्नुहुँदै प्रतिवेदनमा औंल्याइएका विषयहरूलाई कार्यान्वयन गर्न सम्बन्धित सबै निकाय तथा पदाधिकारीहरूले पूर्ण प्रतिबद्धताका साथ कार्य गर्ने विश्वास व्यक्त गर्नुभयो।

मितिः २०८० माघ २९ गते ।

(किरणराज शर्मा)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्